# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७१) काठमाडौं, कात्तिक २२ गते, २०७८ साल (संख्या २९

## भाग ५

नेपाल सरकार

## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको

## सूचना

नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को अनुसूची -२ को क्रमसङ्ख्या १४ ले दिएको अधिकार प्रयोग गरी देहायको प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयमा दर्ता हुने तथा दर्ता कायम रहेका सवारीमा देहाय अनुसार हुने गरी ईम्बोस्ड नम्बर प्लेट सम्बन्धी व्यवस्था लागू गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| इम्बोस्ड नम्बर प्लेट लागू हुने स्थान | लागू हुने सवारीका प्रकार | लागू हुने प्रयोजन | ईम्बोस्ड नम्बर प्लेट सम्बन्धी व्यवस्था लागू हुने मिति |
|---|---|---|---|
| बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सूदुरपश्चिम प्रदेश। | सार्वजनिक सवारी, पर्यटक सवारी, निजी सवारी, सरकारी सवारी र संस्थानका सवारी | नयाँ सवारी दर्ता | संवत २०७८ मंसिर १ गते |
| | | सवारी नामसारी | संवत २०७८ फागुन १ गते |
| | | सवारी दर्ता प्रमाणपत्र नवीकरण | संवत २०७९ जेठ १ गते |

द्रष्टव्यः-

(१) उल्लिखित मिति अगावै कुनै सवारी धनीले दस्तुर बुझाई रितपूर्वक निवेदन दिएमा त्यस्तो मिति अगावै सम्बन्धित यातायात व्यवस्था कार्यालयले त्यस्तो सवारीमा ईम्बोस्ड नम्बर प्लेट जडान गर्न सक्नेछ ।

(२) खण्ड ६७, सङ्ख्या २३, मिति २०७४/०५/१२ को नेपाल राजपत्रको भाग ५, मा प्रकाशित यस मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,
रविन्द्र नाथ श्रेष्ठ
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग सिंहदरबार



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।